# एजेन्सी (संशोधन र एकीकरण) नियमहरू, २०१९

नेपाल राजपत्रमा प्रकाशित मिति
२०१९।१०।१५

**संशोधन**

१. एजेन्सी (संशोधन र एकीकरण) (पहिलो संशोधन) नियमहरू, २०८० २०८०।१०।२५

नेपाल एजेन्सी ऐन, २०१४ अन्तर्गत समय समयमा बनी जारी भैराखेका नियमहरूलाई संशोधन र एकीकरण गर्नु वाञ्छनीय भएकोले सो ऐनको दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएकोछः-

१. **संक्षिप्त नाम, र प्रारम्भः-** (१) यी नियमहरूको नाम "एजेन्सी (संशोधन र एकीकरण) नियमहरू, २०१९" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषा**:- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा –

(क) "ऐन" भन्नाले नेपाल एजेन्सी ऐन, २०१४ सम्झनु पर्छ ।

(ख) "अनुसूची" भन्नाले यी नियमहरूको अनसूची सम्झनु पर्छ ।

[ψ]३. **दरखास्त दिनेः** एजेन्ट हुन चाहने व्यक्तिले एजेन्टमा आफ्नो नाम दर्ता गराउन ऐनको दफा ४ बमोजिम दरखास्त दिँदा दरखास्त दस्तुर बापत एक सय रुपैयाँ बुझाई देहायका विवरण तथा कागजातको प्रमाणित प्रति संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको महानिर्देशक समक्ष दिनु पर्नेछः-

(क) फर्म वा कम्पनी दर्ता प्रमाणपत्र,

(ख) सञ्चालकको नागरिकताको प्रमाणपत्र,

(ग) स्थायी लेखा नम्बर,

(घ) कर चुक्ता प्रमाणपत्र,

(ङ) एजेन्सी लिने र दिने बीचको सम्झौतापत्र,

[ψ] पहिलो संशोधनद्वारा संशोधित।

(च) वस्तु वा सेवाको क्याटलग र स्पेशिफिकेशन,

(छ) अनुसूची-१क. बमोजिमको मूल्य विश्लेषण ढाँचा,

(ज) अधिकतम खुद्रा मूल्य सूची,

(झ) वस्तु वा सेवाको खरिद मूल्य जनाउने प्रोफर्मा बीजक।

ᴪ४. **एजेन्सी दर्ता, दस्तुर र धरौटीः** (१) नियम ३ बमोजिम प्राप्त दरखास्त जाँचबुझ गर्दा एजेन्सी दर्ता गर्न मनासिब देखिएमा देहाय बमोजिमको दर्ता दस्तुर लिई एजेन्सी दर्ता गरी दिनु पर्नेछः-

| फर्म वा कम्पनीको पुँजी | लाग्ने दस्तुर |
|---|---|
| (क) दश लाख रुपैयाँसम्म भए | एक हजार रुपैयाँ |
| (ख) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म भए | पाँच हजार रुपैयाँ |
| (ग) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म भए | दश हजार रुपैयाँ |
| (घ) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म भए | पचास हजार रुपैयाँ |
| (ङ) दश करोड रुपैयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म भए | पचहत्तर हजार रुपैयाँ |
| (च) एक अर्ब रुपैयाँभन्दा बढी भए | एक लाख रुपैयाँ |

(२) उपनियम (१) बमोजिम एजेन्सी दर्ता गर्दा फर्म वा कम्पनीले चुक्ता पुँजीको शून्य दशमलब पाँच प्रतिशत रकम धरौटी बापत बैङ्क दाखिला गर्नु पर्नेछ।

(३) यो नियम प्रारम्भ हुनुअघि दर्ता भएको एजेन्सीले यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र उपनियम (२) बमोजिमको धरौटी रकम दाखिला गरेको निस्सा पेस गरेपछि मात्र नवीकरण गरी दिनु पर्नेछ।

(४) कुनै फर्म वा कम्पनीले कुनै एक स्वदेशी वा विदेशी कम्पनीसँग जति वटा वा जुनसुकै मोडलको वस्तु वा सेवाको एजेन्सी सम्झौता गरेको भए तापनि सो व्यहोरा एकै दर्ता प्रमाणपत्रमा उल्लेख गरी दर्ता गर्न सकिनेछ।

ᴪ पहिलो संशोधनद्धारा संशोधित।



नेपाल कानून आयोग

(५) एक पटक जारी भएको प्रमाणपत्रमा कुनै वस्तु वा सेवा थप गर्नु परेमा उपनियम (२) बमोजिमको धरौटी रकम बराबरको दस्तुर लिई त्यस्तो वस्तु वा सेवा थप गरिदिन सकिनेछ।

(६) यस नियम बमोजिम एजेन्सी दर्ता गर्दा अनुसूची-१ख. बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गरिनेछ।

५. **रजिष्टर्ड एजेन्सीको अवधि, नवीकरण र दस्तूरः-** (१) ᵠकुनै एजेन्सीको अवधि पाँच वर्षमा नबढ्ने गरी एजेन्सी लिने र दिने बीचको सम्झौतामा उल्लेख भएको अवधिसम्म बहाल रहनेछ । आफ्नो एजेन्सीको रजिष्ट्रेशन नवीकरण गर्न चाहने व्यक्तिले अवधि समाप्त हुन अगावै नियम ३ मा तोकिएको अधिकारी छेउ दरखास्त दिई त्यस्तो रजिष्टेशन नवीकरण गराई लिनुपर्दछ ।

Δ..............................

ᵠ(२) एजेन्सीको दर्ता कायम राख्न चाहने व्यक्तिले उपनियम (१) बमोजिमको अवधि समाप्त हुनुभन्दा पन्ध्र दिन अगावै एजेन्सीको दर्ता नवीकरण गर्न दरखास्त दिनु पर्नेछ।

δ(३) उपनियम (२) बमोजिम दरखास्त प्राप्त भएमा नियम ४ को उपनियम (१) बमोजिम लाग्ने रजिष्ट्रेशन दस्तुरको दश प्रतिशतका दरले हुन आउने रकम लिई एजेन्सी लिने र दिने बीचको सम्झौताको अधीनमा रही पाँच वर्षसम्मका लागि नवीकरण गरिदिनु पर्नेछ।

६. **फाँटवारी पेश गर्नु पर्नेः-** यी नियमहरू प्रारम्भ भएपछि हरेक रजिष्टर्ड एजेन्टले आफूले गरेको कारोवारको अनुसुची २ बमोजिम फाँटवारी ᵠप्रत्येक आर्थिक वर्षको पुस मसान्तसम्मको माघ महिनाको पन्ध्र गतेभित्र र असार मसान्तसम्मको साउन महिनाको पन्ध्र गतेभित्र नियम ३ मा तोकिएको अधिकारी छेउ पेश गर्नु पर्छ ।

७. **ऐजेन्सी नामसारी गर्नेः-** (१) कुनै रजिष्ट्रर्ड एजेन्टबाट चलाइआएका एजेन्सीको काम आफ्नो नाममा नामसारी गरी लिन चाहने व्यक्तिले सो रजिष्टर्ड एजेन्टको र एजेन्सी दिने कम्पनीको मन्जूरीको लिखत साथै राखी नियम ३ मा तोकिएको अधिकारी छेउ दरखास्त दिनुपर्छ । दरखास्त साथै

---

ᵠ पहिलो संशोधनद्धारा संशोधित।

Δ पहिलो संशोधनद्धारा झिकिएको।

δ पहिलो संशोधनद्धारा थप।

[δ]नामसारी दस्तुर बापत रजिष्ट्रेशन दस्तुर बराबरको रकम दाखिल गर्नु पर्छ । दरखास्त दस्तुर भने लाग्ने छैन ।

[Δ](२) ...........

८. **खारेजीः-** एजेन्सी दस्तुर नियम,२०१५ र एजेन्सी दस्तूर (प्रथम संशोधन) नियम, २०१८ खारेज गरिएको छ ।

नेपाल कानून आयोग

---

[δ] पहिलो संशोधनद्धारा थप।

[Δ] पहिलो संशोधनद्धारा झिकिएको।

अनुसुची–१
(नियम ३ सम्बन्धित)

श्री ᵠमहानिर्देशक,
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग,
........., नेपाल ।

महोदय,

म । हामीले फर्मसँग लिएको एजेन्सीको छोटकरी विवरण तल खुलाई सो फर्मको एजेन्ट भएको (सक्कल) नक्कल यसैसाथ पेश गरेको छु । (छौं) उक्त फर्मको एजेण्ट भै काम गर्दा शर्त वा भाउ फेरिएमा तुरुन्तै सूचना गर्नेछु (छौं) आफुले लिएको एजेन्सीका मालहरूको आएको, बिक्री भएको, मौज्दात रहेको तथा तिनको दर भाउको फांटबारी तीन महिनामा तपाईं छेउ पेश गर्नेछु (छौं) माल बिक्री गर्दा आफूले पाएको कमिशन रिवेट र नेपाल सरकारबाट तोकिएको भन्दा बढी मुनाफा नलिई बिक्री गर्नेछु । (छौं) । फर्मसँग भएको एजेण्टको शर्त बमोजिम काम गर्न रजिष्टर्ड एजेण्टमा नाम दर्ता गराई पाउँ नेपाल कानुन बमोजिम कामकाज गर्नेछु । (छौं) ।

एजेन्सी दिने फर्मको नाम र ठेगाना
एजेन्सी पाएको मालको छोटकरी विवरण
एजेन्सीको इलाका
एजेण्ट वा एजेन्सीको नाम
एजेन्सी वा एजेन्सीको ठेगाना
एजेण्ट वा एजेन्सीको धनी । धनीहरूको नाम

निवेदक

लेखात्मक सही
रेखात्मक सही
(दुवै हातको बूढी औंलाको)
(क) दायाँ
(ख) बायाँ

ᵠ पहिलो संशोधनद्धारा संशोधित।



नेपाल कानून आयोग

**[δ]अनुसूची १क.**

(नियम ३ को खण्ड (छ) सँग सम्बन्धित)

**मूल्य विश्लेषण ढाँचा**

मितिः..........

एजेन्सीको नामः एजेन्सीको ठेगानाः

| **विवरण** | **नमुना-१** (दर) | **नमुना-२** (दर) |
|---|---|---|
| प्रोफर्मा बीजक मूल्य (विदेशी मुद्रामा) | | |
| विनिमय दर (विदेशी मुद्राबाट नेपाली रुपैयाँमा) | | |
| जम्मा डि.ए.पी.मूल्य/प्रतीतपत्रको मूल्य/आधार मूल्य/खरिद मूल्य | | |
| सिपिङ्ग र बहुविधिक ढुवानी खर्चः | | |
| ढुवानीको बिमा खर्च (अन्तर्राष्ट्रिय ढुवानी खर्चमा समेटिएको छैन भने) | | |
| (क)जम्मा भन्सार मूल्याङ्कन(प्रयोजनका लागि पैठारी मूल्य): | | |
| १. **भन्सार महसुल र अन्तःशुल्कः** (ख+ग) | | |
| (ख)भन्सार महसुलः | | |
| अन्तःशुल्क गणनाको लागि जम्माः | | |
| (ग)अन्तःशुल्क (वस्तु अनुसार): | | |
| २. **मूल्य अभिवृद्धि कर, अन्य कर, दस्तुर र शुल्कः** (घ+ङ) | | |
| मूल्य अभिवृद्धि कर गणनाको लागि जम्माः | | |
| (घ) मूल्य अभिवृद्धि कर १३%: | | |
| (ङ) सडक मर्मत सम्भार लगायत अन्य कर, दस्तुर र शुल्क (वस्तु अनुसार): | | |
| (च) भुक्तानी गरेको खुद महसुल /शुल्कः (१.+२.) | | |
| (छ) मूल्य अभिवृद्धि कर सहितको जम्मा मूल्यः (क+च) | | |
| (ज) अन्य खर्चः (झ+ञ+ट+ठ) | | |

[δ] पहिलो संशोधनद्धारा थप गरिएको।



नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (झ) क्लियरिङ र फर्वार्डिङ | | |
| (ञ) दर्ता शुल्क, कर र बिमा (वस्तु अनुसार): | | |
| (ट) व्याज तथा बैंकिङ्ग सेवा शुल्क | | |
| (ठ) ओभरहेड र अप्रत्यक्ष खर्च | | |
| (ड) गोदामसम्मको जम्मा खर्च (मुनाफा र छुट अघिको) (छ+ज) | | |
| **मुनाफा र छुटः** | | |
| (ढ) उपभोक्तासँग लिने मुनाफा (खण्ड (क) को बढीमा २०%): | | |
| (ण) डिलरका लागि छुट सहितको मुनाफा (ढ) को ३०% | | |
| (त) मूल्य अभिवृद्धि कर [{(ड+ढ) को १३%}–(घ)] | | |
| **डिलर मूल्य (ड+ण+त)** | | |
| **अधिकतम खुद्रा मूल्य (एम.आर.पी.) (ड+ढ+त)** | | |

प्रोप्राइटरकोः-

दस्तखतः

एजेन्सीको छापः                    नाम, थरः

मोबाइल नम्बर र इमेलः

नेपाल कानून आयोग

## [δ]अनुसूची-१ख.

(नियम ४ को उपनियम (६) सँग सम्बन्धित)

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

**<u>एजेन्सी दर्ताको प्रमाणपत्र</u>**

ए.द.नं. ....... मितिः ..................

देहायको विवरण भएको एजेन्सीलाई संवत् २०....... साल ........... महिना ............. गते रोज ....... मा नेपाल एजेन्सी ऐन, २०१४ तथा एजेन्सी (संशोधन र एकीकरण) नियमहरु, २०१९ बमोजिम एजेन्सी दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छः-

एजेन्सीको पूरा नामः

एजेन्सीको पूरा ठेगानाः

एजेन्सीको पुँजीः

एजेन्सीको उद्देश्यः

एजेन्सीको कारोबार वा कामको विवरणः

एजेन्सी दिनेको नामः

एजेन्सी दिनेको पूरा ठेगानाः

एजेन्सी दिने र लिने बीचको सम्झौतापत्रको मितिः

एजेन्सी सम्झौता बहाल रहने मिति र क्षेत्रः

एजेन्सी सम्झौता गरिएको वस्तु वा सेवाको मोडेल वा ब्राण्डको विवरणः

| क्र.सं. | वस्तु वा सेवाको मोडेल वा ब्राण्डको विवरण |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

.....................................

(प्रमाणित गर्ने अधिकृत)

δ पहिलो संशोधनद्धारा थप गरिएको।

नेपाल कानून आयोग

नवीकरण सम्बन्धी विवरणः

एजेन्सीको नामः ठेगानाः

| नवीकरण गर्ने कार्यालयको नाम | नवीकरण दस्तुरको भौचर नं./मिति | नवीकरण बहाल रहने मिति | दस्तखत, मिति र कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |

नेपाल कानून आयोग

## ψअनुसूची-२
(नियम ६ सँग सम्बन्धित)

## कारोबारको अर्धवार्षिक फाँटवारी

श्री ............
........................ विभाग
.................., नेपाल।

यस ........................................... एजेन्सीको आ.व. ....../......... को ......... साल ....... देखि ....... मसान्तसम्मको कारोबारको फाँटवारी देहाय बमोजिम पेस गरेको छुः-

१. **एजेन्सीको विवरण**:-

(क) एजेन्सी दर्ता नम्बरः
(ख) एजेन्सीको पूरा नामः
(ग) एजेन्सीको ठेगानाः
(घ) एजेन्सी धनीको नामः
(ङ) एजेन्सी धनीको ठेगानाः

२. **कारोबारको विवरण:**

| वस्तु वा सेवाको नाम वा विवरण | एकाइ | गत वर्षको बाँकी वस्तु वा सेवा | पेस गरेको अवधिमा आएको वस्तु वा सेवा | बिक्री परिमाण वा थान | बाँकी परिमाण वा थान | खरिद मूल्य (प्रति एकाइ) | | कर, महसुल, भाडा, इत्यादि (प्रति एकाइ) | | जम्मा परेको मूल्य (प्रति एकाइ) | | कुल नाफा (प्रति एकाइ) | | बिक्री दर (प्रति एकाइ) | | प्रशासनिक अन्य खर्च (प्रति एकाइ) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अन्य मुद्रा | रू. | अन्य मुद्रा | रू. | अन्य मुद्रा | रू. | अन्य मुद्रा | रू. | अन्य मुद्रा | रू. | अन्य मुद्रा | रू. | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | |

माथि लेखिए बमोजिमको विवरण ठीक साँचो हो, फरक पारी लेखिएको ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

प्रोप्राइटरको,-
दस्तखतः
एजेन्सीको छापः
नाम, थरः
मोबाइल नम्बर र इमेलः

ψ पहिलो संशोधनद्वारा संशोधित।

नेपाल कानून आयोग